निर्णयहरू:-

१. श्री राष्ट्रिय सूचना आयोगको मिति २०७७-०८-११ को बैंठकबाट "सूचनाको हक सम्बन्धी कानून बमोजिम सार्वजनिक निकायमा सूचना माग गर्न जाने सूचना मागकर्ताको संरक्षण गर्न र सूचना माग गर्ने वातावरण सृजना गर्न तथा कुनै सार्वजनिक निकायमा सूचना मागको निवेदन दर्ता हुन नसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित सार्वजनिक निकायलाई निवेदन दर्ता गर्ने व्यवस्था मिलाउने" भनी निर्णय भएको र सो निर्णय कार्यान्वयनका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.१६७६, मिति २०७७-०८-१९ को पत्रबाट लेखिआएको सन्दर्भमा **जिल्लास्थित सबै कार्यालयहरूले सूचना मागकर्ताको संरक्षण र सूचना माग गर्ने वातावरण सृजना गर्ने व्यवस्था तत्काल मिलाउने ।**

२. श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति २०७७-०८-२१ मा बसेको Senior Management Team (SMT) को बैंठकमा भएका निर्णयहरू कार्यान्वयनका लागि श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाको च.नं.२१३, मिति २०७७-०८-२३ को पत्रबाट लेखिआएको सन्दर्भमा निर्णय नं.३ मा "सरकारी निकाय, कार्यालय वा स्थानीय तहमा कुनै कर्मचारीमा कोरोना संक्रमण भएको कारणले कार्यालय वा निकायको सेवा प्रवाह वा कार्यालय वा निकाय नै बन्द गर्ने प्रवृत्ति देखिएको हुँदा यस प्रवृत्तीलाई बन्द गर्न, कुनै व्यक्ति वा कर्मचारी संक्रमित हुँदा कार्यालय, निकाय वा संगठनको सेवा प्रवाह वा त्यस्तो निकाय, कार्यालय, संगठन बन्द नहुने व्यवस्था मिलाउन सबै प्र.जि.अ.हरूलाई निर्देशन दिने" व्यवस्था भएको हुँदा **उल्लेखित निर्णयबमोजिम सबै कार्यालयहरूको आवश्यक व्यवस्था मिलाउने ।**

३. जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूले सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा भएका देहायका प्रावधानहरूलाई कार्यान्वयन गर्ने/गराउने ।

   क. ऐनको दफा ५ को उपदफा (३) र (४) तथा नियमावलीको नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वत: प्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्ने,

   ख. ऐनको दफा ६ र नियमावलीको नियम २४क बमोजिम सूचना अधिकारी तोक्ने र पदाधिकारीको नाम, सम्पर्क र फोटो सहित विवरण फ्लेक्स बोर्ड (Flex Board) लगायतको उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्ने ।

   ग. नियमावलीको नियम ३ ख(४) मा सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम कार्यालयमा पर्ने निवेदन र सो बमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरणको छुट्टा-छुट्टै अभिलेख राख्ने ।

४. जिल्लास्थित सम्पूर्ण कार्यालयहरूले नेपाल सरकारले तोकेको पोषाक र कर्मचारी परिचयपत्र अनिवार्य लाउने/लगाउने व्यवस्था मिलाउने ।

५. कार्यालयको कार्यालय प्रमुख तथा सूचना अधिकारी परिवर्तन भएमा तत्काले सो को जानकारी सरोकारवाला निकायमा गराउने ।

६. कार्यालयको कार्यालय समय अघि वा पछि कुनै अनाधिकृत व्यक्ति/समूहहरुबाट कुनै किसिमको निगरानी/जासुसी गरेको/भएको थाहा हुनसाथ नजिकको सुरक्षा इकाइ वा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा तत्काल जानकारी गर्ने/गराउने व्यवस्था मिलाउने

गोविन्द प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी